नगर कार्यपालिकाको
बैठक संख्या: ५९, २०७९-२०८४
मिति २०८२/०३/२९ को
निर्णय प्रमाणित ........

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ५९, २०७९-२०८४)

मिति : २०८२ असार २९ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. यस नगर कार्यपालिकाको बैठकमा पेश भएका देहायका कार्यबिधी एवं निर्देशिकाहरुमा प्राप्त राय सुझाव समेटी स्वीकृत गर्ने ।

क. कोहलपुर नगरपालिकाको सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यबिधी, २०८२

ख. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी कार्यबिधी, २०८२

ग. शवदाहगृह सञ्चालन तथा व्यवस्थापन कार्यबिधी, २०८२

घ. नगर खेलकुद विकास समिति संचालन कार्यबिधी, २०७६ संशोधन

ङ. कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने) नियमावली, २०७९ संशोधन

च. उपभोक्ता समितिलाई निर्माण पूर्व र निर्माण पश्चात अभिमुखीकरण तालिम संचालन निर्देशिका, २०८२

३. कोहलपुर नगरपालिका नगर अस्पताल र नगर स्वास्थ्य प्रबर्द्धन केन्द्रमा प्रयोगशाला सहित बिभिन्न सेवाहरुको बिस्तार गरिएकाले संचालन तथा व्यवस्थापनका लागि यसैसाथ संलग्न अनुसूची १ बमोजिम स्वास्थ्य सेवाको दररेट स्वीकृत गरी २०८२ श्रावण १ गतेदेखि कार्यान्वयन गर्ने ।

४. यस नगरपालिका अन्तर्गत बिगतदेखी करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम कार्य सम्पादन मूल्याङ्कनमा तोकिएको मापदण्ड अनुसार अंक प्राप्त हुने कर्मचारीहरुको २०८२ श्रावण १ गतेदेखि २०८२ पुष मसान्त सम्म करार अवधी थप गर्ने एवं ज्यालादारीमा कार्यरत कर्मचारीहरुको हकमा निज कार्यरत सम्बन्धित शाखा तथा वडा कार्यालयको सिफारिसका आधारमा २०८२ पुष मसान्तसम्म दैनिक ज्यालादारीमा सम्झौता गरी कामकाजमा खटाउने।

५. यस नगरपालिकामा संघ तथा प्रदेश सरकारबाट विभिन्न कार्यक्रमका लागि बजेट विनियोजन भई आएका कर्मचारीहरुको हकमा उक्त कार्यक्रममा तोकीए बमोजिमको सेवा सुबिधा निरन्तरता हुने गरी चालु आ.ब. २०८२/०८३ को लागि करार सम्झौता गर्ने र

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ५९, २०७९-२०८४
मिति २०८२/०३/२९ को
निर्णय प्रमाणित ..........

बिगतदेखि कार्यरत केही कर्मचारीहरुका लागि चालु आ.ब.मा बजेट प्राप्त नभई स्थानीय तहबाटै व्यवस्थापन गर्नु भनी पत्र प्राप्त भएकाले देहायका कर्मचारीहरुलाई यस पालिकाबाटै सेवा सुविधा उपलब्ध गराउने गरी २०८२ श्रावण १ गतेदेखि २०८२ पुष मसान्तसम्म करार सम्झौता गरी कामकाजमा लगाउने।

- डा. प्रकाश न्यौपाने – पशु चिकित्सक (अधिकृत छैटौं)
- शिवा परियार – रोजगार सहायक (सहायक पाँचौ)
- ललित रेग्मी – प्राबिधिक सहायक (सहायक पाँचौ)
- पार्वती अधिकारी – युवा सहजकर्ता (सहायक पाँचौ)

६. यस नगरपालिकामा बिगत देखि रिटर्नी स्वयंसेवक पदमा कार्यरत कर्मचारीहरुलाई सहायक तेस्रो तहको सुबिधा पाउने गरी २०८२ श्रावण १ गतेदेखि करार सम्झौता गर्ने । साथै रिक्त रिटर्नी स्वयंसेवक पदमा यस नगर कार्यपालिकाको मिति २०८१/११/०४ को विज्ञापन भएकोमा मिति २०८१/११/२३ को अन्तिम नतिजा अनुसार बैकल्पिक आवेदक कोहलपुर न.पा. ६ निवासी श्री नम बहादुर थापासँग करार सम्झौता गरी २०८२ पुष मसान्तसम्मका लागि करार सम्झौता गरी कामकाजमा लगाउने ।

७. नगर अस्पतालको स्वीकृत दरबन्दी बमोजिम हाल नर्सिङ कर्मचारी प्रयाप्त नभई स्वास्थ्य सेवा प्रवाहमा कठिनाई भईरहेकाले तत्कालका लागि मिति २०८१/१२/२८ गते प्रकाशित अ.न.मि.(सहायक चौथो) पदको विज्ञापनमा मिति २०८२/०१/१९ को अन्तिम नतिजा बमोजिम बैकल्पिकमा रहेका देहायका आवेदकलाई अ.न.मि.(सहायक चौथो) पदमा करारमा लिने ।

क. सिमा पन्त, कोहलपुर नगरपालिका - १०, बाँके

ख. सपना शर्मा, कोहलपुर नगरपालिका - ८, बाँके

८. कोहलपुर नगरपालिकाको विद्यालयमा करारमा खेलकुद प्रशिक्षक छनौट सम्बन्धी कार्यबिधी, २०८२ बमोजिम छनौट भएका खेलकुद प्रशिक्षकहरुलाई करारमा कार्यरत सहायकस्तर चौथो तह सरहको पारिश्रमिक एवं सेवा सुबिधा उपलब्ध गराउने गरी २०८२ श्रावण १ गतेदेखि २०८३ असार मसान्तसम्मको लागि करार सम्झौता गरी कामकाजमा लगाउने ।

९. नेपाल सरकारले मिति २०८२/०१/०१ को अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा समाबेश गर्न यस नगरपालिकामा अस्थायी र करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्धताका लागि योगदानकर्ताको रुपमा सुचीकृत गरी मिति २०८२/०४/०१ देखि निजहरुले खाईपाई आएको तलबको ६०% लाई आधारभूत तलब मानी सो को २०%

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्याः ५९, २०७९-२०८४
मिति २०८२/०३/२९ को
निर्णय प्रमाणित ..........

रोजगारदाताबाट, ११% योगदानकर्ताको तर्फबाट कट्टी गरी जम्मा गरी सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने ।

१०. यस नगरपालिकाको नगर युवा परिषद कार्यबिधी २०८२ को ४(१) बमोजिम गठन हुने परिषदको उपाध्यक्षमा कोहलपुर नगरपालिका वडा नं. ११ निबासी श्री सरोज राज शाही लाई नियुक्त गर्ने ।

११. यस नगरपालिकाको लागि संघ तथा प्रदेशबाट बजेट विनियोजन भई प्राप्त देहायका योजना तथा कार्यक्रमहरुमा यस नगरपालिकाबाट केही प्रतिशत रकम थप गरी लागत अनुमान तयार गरी ठेक्का आव्हान गर्ने र यसरी ठेक्का आव्हान भएका योजनाहरुको भुक्तानीको लागि अपुग हुने रकम नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने ।

तपसिलः

| सि.नं. | योजनाको नाम | थप प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालयदेखि पूर्व चटार विद्यालय हुँदै बन्द मन्नापुरसम्मको सडक स्तरोन्नतिको कार्य। | ३५ | संघिय समपुरक अनुदान |
| २ | बाँके जिल्ला, कोहलपुर नगरपालिका १० अन्तर्गत ईश्वरी चोकदेखि समावेसी चोक हुँदै रामनगर शिव मन्दिर, रत्नराजमार्ग स्थित विराट खानेपानी आयोजना सम्मको पक्की नाली सहितको सडक स्तरोन्नतिको कार्य। | ८९ | संघिय सशर्त कार्यक्रम |
| ३ | स्वास्थ्य प्रवर्द्धन केन्द्र, ल्याब सेवा विस्तार तथा प्रवर्द्धन | ४४ | सशर्त अनुदान प्रदेश तर्फ |
| ४ | बाँके जिल्ला कोहलपुर १४ स्थित सुर्खेत रोड पार्वतीपुर रोड देखि अदारपुर जाने बाटो पक्कि नाली सहित सडक स्तरोन्नति | ४० | संघिय सशर्त कार्यक्रम |
| ५ | पुरैनी टोल गाउँ देखि दागी टोल सम्म जोड्ने सडक नाली सहित स्तरोन्नति | ४० | स्थानीय तह बित्तीय हस्तान्तरण |
| ६ | सामुदायिक आयुर्बेद एबम प्राकृतिक अस्पतालको लागि सामुदायिक योगा हल केन्द्र | ३७ | सशर्त अनुदान प्रदेश तर्फ |
| ७ | पर्सेनिपुर बैजनाथ गा.पा. चोक जाने देखि उत्तर बैजनाथ गा.पा. सिमाना सम्म सहरी सडक निर्माण | १६० | संघिय सशर्त कार्यक्रम |
| ८ | चन्द्र बहादुर वलीको घर देखि बिरेन्द्र खत्रीको घर सम्म सडक स्तरोन्नति | ४० | संघिय सशर्त कार्यक्रम |

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ५९, २०७९-२०८४
मिति २०८२/०३/२९ को
निर्णय प्रमाणित .........

| | | | |
|---|---|---|---|
| ९ | नेपाल राष्ट्रिय आधारभूत बिद्यालय चौधरिया कोहलपुर-१५, बाँके | २१ | प्रदेश समपुरक अनुदान |
| १० | रत्न राजमार्गदिखि ८ नम्बर वार्ड कार्यालय हुदै वार्ड नं. ९ को सिमाना जोड्ने बाटो स्तरोन्नति | ३५ | प्रदेश समपुरक अनुदान |
| ११ | बाँके जिल्ला कोहलपुर नगरपालिका वार्ड नम्बर ६ सिमाना केशव शर्मा देखि बिष्णु सापकोटा बलविधा चोक ज्योतिनगर ११ को सिमाना हिललाल घरसम्म कोलेपत्रे एबम नाली निर्माण | ४० | संघिय सशर्त कार्यक्रम |

१२. यस नगरपालिकाको लागि संघ सशर्त कार्यक्रम अन्तर्गत निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा बिद्यालयको भौतिक निर्माण अनुदान शीर्षकमा प्राप्त बजेटबाट देहाय बमोजिम विद्यालय छनौट गरी कार्यक्रम संचालन गर्ने ।

| सि.नं. | योजनाको नाम | थप प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | श्री राम मा.वि.को ४ कोठे भवनमा थप तलाको निर्माण | ५५.४५ | संघिय समपुरक अनुदान |
| २ | श्री ज्ञान ज्योति मा. वि. बगियामा अधुरो भवन निर्माण कार्य | ३२.५९ | संघिय सशर्त कार्यक्रम |

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत